"न्यायपालिकाको स्वतन्त्रताः न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बागलुङ जिल्ला अदालत

## बागलुङ

पत्र संख्याः- ०७७/७८
चलानी नः-

प्रशासन शाखा

गण्डकी प्रदेश
मितिः-२०७७/०७।१८

# सूचना! सूचना!! सूचना!!!

बिश्वव्यापी महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाईरस (Covid-19) को संक्रमणको दृष्टिबाट यस बागलुङ जिल्ला उच्च जोखिममा रही बागलुङ नगरक्षेत्रमा समेत नोवेल कोरोना भाईरस (Covid-19) समुदाय स्तरमा फैलिई सकेको र दिनप्रतिदिन संक्रमितको संख्या बढ्दो अवस्थामा रहेकोले मिति २०७७।७।१७ गते रातको १२:०० बजेदेखि ऐ. २४ गते रातको १२:०० बजेसम्मका लागि जिल्ला प्रशासन कार्यालय, बागलुङबाट निषेधाज्ञाको आदेश जारी गरिएकाले सो निषेधाज्ञाको आदेशसमेतलाई मध्यनजर राख्दै यस अदालतबाट प्रदान हुने तपसीलका सेवाहरु बाहेक अन्य सेवाहरु मिति २०७७।७।१८ गतेदेखि मिति २०७७।७।२४ गतेसम्मका लागि स्थगन गरिएको बेहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट सेवाग्राही, कानुन व्यवसायीज्यूहरु लगायत सम्वन्धित सबैमा पर्न गएको असुविधाप्रति अदालत क्षमाप्रार्थी छ।

### हाल सञ्चालन गरिएका सेवाहरु

१. पक्राउ अनुमति, पक्राउ स्वीकृती र म्याद थप ।
२. अभियोग दर्ता, बयान थुनछेक ।
३. मिलापत्र, मुद्दा फिर्ता (दर्ता भैसकेका मात्र) ।
४. बिशेष प्रकृतिका निवेदन दर्ता ।
५. बन्दीप्रत्यक्षीकरण निवेदन ।
६. मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदनहरु।
७. बालबालिकाको सर्वोत्तम हित अनुकुलका निवेदनहरु ।
८. घरेलु हिंसा सम्वन्धी निवेदनहरु ।

२०७७।७।१८
....................
(सूर्यप्रसाद भण्डारी)
स्रेस्तेदार
स्रेस्तेदार (उपसचिव)

☎ ०६८-५२०२४२ मेलमिलाप गरौ, विवाद नबढाऔं। Email:info.dcbaglung@supremecourt.gov.np
"असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा उपलव्ध छ ।"admin.dcbaglung@supremecourt.gov.np
website:- "http://www.supremecourt.gov.np/court/baglungdc"